# पाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं: २०७९/०८०  
च.नं.

मिति :२०७९/०८/२३ गते

**विषय :-प्रस्तावना पेश गर्ने सम्वन्धी सूचना ।**

उपरोक्त विषय सम्वन्धमा यस पाटन नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को कार्यक्रम अन्तरगत यस नगरपालिका अन्तरगतका आवधिक रुपमा भारतमा काम गर्ने नेपाली आप्रवासी कामदारको बार्षिक दुर्घटना बिमा गर्नका लागि आवधिक रोजगारीमा भारत लगायतका अन्य मूलुक जाने व्यक्ति लक्षित कार्यक्रम तथा बिमा संञ्चालन कार्यबिधि, २०७८ अनुसार दुर्घटना बिमा गर्नका लागि बिमा कम्पनी छनौट गर्नुपर्ने भएकोले बार्षिक दुर्घटना बिमा गर्ने ईच्छुक बिमा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तपशिलका आवश्यक पर्ने कागजपत्रका साथै कम्पनीले दिने सेवा समावेस गरि छोटो प्रस्तावना सहित पेश गर्नका लागि सूचना प्रकाश गरिएको छ । कम्पनीले गर्नु पर्ने काम देहाय बमोजिम रहने छन ।

तपशित

पेश गर्नपर्ने प्रमाणपत्रहरु

१. कम्पनी दर्ता तथा नविकरणका प्रतिलिपि ।

२. व्यवसाय दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक प्रमाणपत्र ।

३. कर चुक्ता गरेको प्रमाणपत्र ।

**कम्पनीले गर्नपर्ने कार्यहरु:**

१.प्रत्येक वडामा गएर वडा कार्यालयले सिफरिस गरेका भारतमा जाने कामदारको बार्षिक ७ लाख बराबरको बार्षिक दुर्घटना बिमा गर्नुपर्नेछ। बिमा गरेको बिल तथा नगदी रसिद नगरपालिकामा पेश गरे पश्चात नगरपालिकाले कम्पनिलाई रकम भुक्तानी गरिनेछ ।

२. बिमा गरेका व्यक्तिहरु दुर्घटनामा परेमा कम्पनीले दिने सेवा प्रदान गर्नका लागि आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्ने छ ।

नोट : कम्पनीले प्रदान गर्ने सेवा तथा प्रत्येक वडामा रहेका भारतमा आवधिक रुपमा काम गर्ने व्यक्तिको बिमा गर्न तथा यस कार्यक्रमलाई गर्न सकिने आवश्यक सहयोगका साथै दुर्घटना बिमा गरे पश्चात गरिने सेवा सुवधिाहरु उल्लेख भएको बढिमा ५ पेज सम्मको प्रस्तावना पेश गर्नुपर्ने छ । कम्पनी छनौट पश्चात कम्पनी तथा नगरपालिकाले गर्नुपर्ने शर्तहरु उल्लेख गरी दुई पक्षीय सम्झौता गरिनेछ । कम्पनी छनौट गर्दा कम्पनीले दिने सेवा सुविधा तथा कम्पनीले पेश गरेको प्रस्तावनाको मूल्याङ्कनको आधामा गरिनेछ ।

लक्ष्मी दत्त भट्ट  
प्रमुख प्रशासकीय अधिकृत

email : ptnmun@gmail.com web : patanmun...

CamScanner